आज मिति २०७५/११/१० गते बुधबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राई ज्यूको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ५१ औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरि निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | माईजोगमाई गा.पा. | अध्यक्ष |
| श्री सावित्रा भट्टराई | माईजोगमाई गा.पा. | उपाध्यक्ष |
| श्री याम कुमार कार्की | | १ नं. वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुबेदी | | २ नं. वडा अध्यक्ष |
| श्री याम प्रसाद लामा | | ३ नं. वडा अध्यक्ष |
| श्री गणेश राई | | ४ नं. वडा अध्यक्ष |
| श्री दाताराम सञ्जेल | | ५ नं. वडा अध्यक्ष |
| श्री भवानी प्रसाद लिङ्दम | | ६ न वडा अध्यक्ष |
| श्री कविता राई | | सदस्य |
| श्री मीरा देवि खवास | | सदस्य |
| श्री सोम कुमारी साउदेन | | सदस्य |
| श्री मन कुमारी लिम्बु (आङभाङ) | | सदस्य |
| श्री वीर बहादुर देवान | | सदस्य |
| श्री याम बहादुर विश्वकर्मा | | सदस्य |
| श्री चन्द्र प्रकाश बस्नेत | | सदस्य सचिव |

**अन्य उपस्थिति**

वीरध्वज लिम्बु प्रमुख प्रशासकीय अधिकृत

प्रदिप नेपाल लेखा शाखा प्रमुख

प्रस्तावहरु

१। महालेखा परिक्षण प्ररम्भिक प्रतिवेदन सम्बन्धमा ।

२। खानेपानी पाइप वितरण सम्बन्धमा ।

३। विद्यालयको शैक्षिक तथा भौतिक गुणस्तर सुधार कार्यक्रममा बजेट विनियोजन सम्बन्धमा ।

४। फुटवल खेल प्रवर्दन सम्बन्धमा ।

५. आ. व. २०७५/०७६ को पुँजिगत खर्च स्वास्थ्य तर्फको स्विकृत बजेट शिर्षक गाउँघर क्लिनिकमा आवश्यक सामग्री खरिद सम्बन्धमा

६. आर्थिक सहायता दिने सम्बन्धमा ।

७. कार्यक्रमहरु साझेदारीमा कार्यान्वयन गर्न सम्बन्धमा ।

८। राष्ट्रिय आदिवासि जनजाती महिला महासंघ जिल्ला समन्वय समिति इलाम द्वारा पेश गरीएको उदघोषण तालिम प्रस्ताव सम्बन्धमा ।

९. अमानतबाट योजना कार्यान्वयन गर्ने सम्बन्धमा ।

१०. प्रदेश सरकार द्वारा यस माइजोगमाइ गाउँपालिकामा स्वास्थ्य सिविर सञ्चालन गर्ने सम्बन्धमा ।

११. गाउपालिकाको विभिन्न कोष खाता सञ्चालन सम्बन्धमा ।

निर्णयहरु

१. महालेखा परिक्षकको कार्यालय को मिति २०७५/१०/२१ गतेको डोर मुकाम इलाम बाट महालेखा परिक्षण प्ररम्भिक प्रतिवेदन पेश भएकोमा उक्त प्रतिवेदन माथि गाउँकार्यापालिकामा छलफल हुँदा महालेखा परिक्षकको कार्यालयबाट दिइएका सुझावहरुलाइ पृष्ठपोषणका रुपमा लिइ आगामी दिनमा यस गाउँपालिकाको बजेट तथा कार्याक्रमहरु कार्यान्वयन गर्ने निर्णय गरियो । तथा बेरुजु रकम फछ्र्यौट गरी तोकिएको समय भित्र सम्परिक्षण गर्ने निर्णय गरियो ।

२. यस आव २०७५/०७६ को बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गतको खानेपानि पाइप खरिद कार्यक्रमबाट खरिद भइ आएको खानेपानी पाइपलाइ गाउँपालिकाभित्र रहेका निम्न व्यक्ति वा समुहको माग र आवश्यकता अनुसार निम्न बमोजिम वितरण गरिने निर्णय गरियो ।

निम्न

| क्र.सं. | व्यक्ति वा समुहको नाम | ठेगाना | वितरण गरिएको पाइप | साइज | कैफियत |
|---|---|---|---|---|---|
| १ | भोटेटार कुवा | माईजोगमाई ५ | ६०० मी | २० एम एम | |
| २ | गैरी मुहान | माईजोगमाई १ | ६०० मी | ३२ एम एम | |
| ३ | सिताकुमारी निरौला | माईजोगमाई १ | ६०० मी | १६ एम एम | |
| ४ | रन ब. राई सहित ५ घर | माईजोगमाई १ | २०० मी | ४० एम एम | |
| | | | ६०० मी | २५ एम एम | |
| ५ | डम्बर ब. गुरुङ र मन ब. निरौला | माईजोगमाई १ | ६०० मी | २५ एम एम | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | दुविलटार पुच्छर मुहान | माईजोगमाई ४ | २०० मी | ५० एम एम | |
| ७ | ढाडेखोला मुहान दलित बस्ति रोक्का गाउँ | माईजोगमाई ३ | ४०० मी | ३२ एम एम | |
| ८ | प्रगतिशिल होम हर्वल गार्डेन महिला कृषि तथा जडिवुटि समुह | माईजोगमाई २ | १२०० मी | २० एम एम | |
| ९ | रुद्र बहादुर भट्टराई | माईजोगमाई १ | ३०० मी | ४० एम एम | |
| १० | दोर्जि खानेपानी | माईजोगमाई ६ | ६०० मी | २० एम एम | |
| ११ | टोलमान याम लिम्बु जिवन अधिकारी शिरिसे खानेपानी | माईजोगमाई ५ | ३०० मी | २० एम एम | |
| १२ | रिजाल खानेपानी | माईजोगमाई ४ | २०० मी | २५ एम एम | |

३. आ. ब. २०७५/०७६ को हिउँदे गाउँसभाबाट विद्यालयको शैक्षिक तथा भौतिक गुणस्तर सुधार कार्यक्रममामा विनियोजित बजेटबाट निम्न विद्यालयहरुलाइ निम्न बमोजिम बजेट तथा कार्यक्रम स्विकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कार्यक्रम | स्विकृत रकम | कै. |
|---|---|---|---|---|---|
| १ | विद्योदय प्रा.वि | माईजोगमाई ३ | विद्यालयको छाना मर्मत | ७० हजार | |
| २ | सरस्वती आ.वि. | माईजोगमाई १ | शैक्षिक गुणस्तर सुधार कार्यक्रम | ५० हजार | |
| ३ | शिवमाई मा.वि. | माईजोगमाई १ | शैक्षिक गुणस्तर सुधार कार्यक्रम | १ लाख | |
| ४ | शल्लेरी आ.वि. | माईजोगमाई ६ | ठेस बाल निर्माण | १ लाख ५० हजार | |
| ५ | ज्ञानोदय मा.वि. | माईजोगमाई २ | शैक्षिक गुणस्तर सुधार कार्यक्रम | १ लाख | |
| ६ | सिह देवी आ.वि. | माईजोगमाई ५ | शैक्षिक गुणस्तर सुधार कार्यक्रम | २ लाख | |
| ७ | जनता आ. वि. | माईजोगमाई ६ | खानेपानी तथा धारा निर्माण | ५० हजार | |
| ८ | नामसालिंग मा. वि. | माईजोगमाई ३ | खानेपानी फिल्टर वितरण | ५० हजार | |

४. माइजोगमाइ गाउँपालिका वडा नं. ६ प्यांगको पञ्चमी क्षेत्रमा हरेक बर्ष लाग्ने शिवरात्री मेलाको अवसरमा वडा स्तरिय पुरुष फुटवल खेल खेलाउँदै आएकोमा यस बर्ष पनि सो फुटवल खेल आयोजना गर्नकालागी प्यांग शिवरात्री फुटबल खेल समिति लाइ सो कार्यक्रमको आयोजनाको लागी विभिन्न खेलकुद क्लव सहयोग तथा प्रोत्साहन कार्यक्रम शिर्षकबाट रु १ लाख उपलब्ध गराउने निर्णय गरियो ।

५. आ. व. २०७५/०७६ को पुँजिगत खर्च स्वास्थ्य तर्फको स्विकृत बजेट शिर्षक गाउँघर क्लिनिकमा आवश्यक सामग्री खरिद अन्तर्गतको बजेट ३ लाख गाउँपालिका क्षेत्र भित्रका ६ वटा गाउँघर क्लिनिकमा रु ५० हजारका दरले आवश्यक सामग्री खरिदका लागी स्वास्थ्य व्यवस्थापन समितिलाइ जिम्मा दिने निर्णय गरीयो ।

६. आ.ब. ०७५/०७६ को स्विकृत अन्य सामाजिक सहायता शिर्षकबाट खर्च हुनेगरी तपशिलका यस गाउँपालिकामा स्थायी ठेगाना र बसोवास भएका परिवारलाइ वडा समितिको सिफारीसमा निम्न अनुसारको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र सं. | विरामीको नाम थर | स्थायी ठेगाना | विरामीको प्रकृति | स्विकृत सहायता रकम | कै. |
|---|---|---|---|---|---|
| १ | देविका सञ्जेल | माईजोगमाई ५ | वोन म्यारोको समस्या | ३० हजार | |

७. माइजोगमाइ गाउँपालिकाको आ. ब. ०७५/०७६ को गाउँसभा र हिउँदे गाउँसभाबाट स्विकृत भएका निम्न कार्यक्रमहरु साझेदारीमा कार्यान्वयन गर्न सम्बन्धित क्षेत्रमा कार्यरत गैर सरकारी संस्था वा स्थानिय संघ संस्थाहरु मार्फत सो कार्यक्रम कार्यान्वन गर्ने निर्णय गरियो ।

क. पुर्ण सरसफाइ कार्यक्रम रु १५ लाख

ख. बालमैत्री स्थानिय शासन कार्यक्रम तथा वाल प्रोफाइल निर्माण रु १८ लाख

८. राष्ट्रिय आदिवासि जनजाती महिला महासंघ जिल्ला समन्वय समिति इलाम द्वारा पेश गरीएको उदघोषण तालिम प्रस्ताव साझेदारीमा सञ्चालन गर्नका लागी गाउँपालिकाको आ.ब. ०७५/०७६ को महिला सिप विकास तालिम तथा सामग्री वितरण कार्यक्रममा स्विकृत भएको वजेट रु ६ लाख बाट २ लाख उपलब्ध गराइ उक्त राष्ट्रिय आदिवासि जनजाती महिला महासंघ जिल्ला समन्वय समिति इलाम मार्फत उदघोषण तालिम सञ्चालन गराउने निर्णय गरियो ।

९. निम्न योजनाको कार्यान्वयन अमानतबाट गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम र ठेगाना | विनियोजित रकम | जिम्मेवार प्रविधिक कर्मचारी | अनुगमनको जिम्मेवरी | कै. |
|---|---|---|---|---|---|
| १. | पाटी गहिराइ देखि केशर कठेत गाउँ जाने बाटो सोलिंग, माइजोगमाइ २ | १ लाख | तिलक लेप्चा- सव इन्जिनियर | वडा नं. २ वडा समिति | |

१०. मिति २०७५ फागुन २८ र २९ गते प्रदेश सरकार द्वारा यस माइजोगमाइ गाउँपालिकामा स्वास्थ्य सिविर सञ्चालन गर्ने भएको हुँदा सो कार्यक्रमको आवश्यक व्यवस्थापन गर्नलाइ सहयोग गर्ने निर्णय गरियो तथा सो कार्यक्रमको जिम्मेवारी कर्मचारीको तर्फवाट खरिदार डम्बर कुमार प्रधानलाइ र जनप्रतिनिधिको तर्फबाट वडा नं. १का वडाध्यक्ष याम कुमार कार्कीलाइ जिम्मेवारी दिने निर्णय गरियो ।

११. गाउपालिकाको विभिन्न खाता सञ्चालन सम्बन्धमा ।

महालेखा नियन्त्रकको कार्यालयको निर्णय अनुसार लेटाङ नगरपालिकाबाट काज सरुवा भई यस माईजोगमाई गाउँपालिकाको कार्यालयमा लेखापाल पदमा श्री गुन प्रसाद दुलाल हाजिर भइ सक्नु भएको र अब उप्रान्त यस गाउँपालिकाको खाता सञ्चालकमा परिवर्तन गरी यस गाउँपलिकाको नाममा संचालित सम्पूर्ण बैंक खाताहरु यस गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत चन्द्र प्रकाश बस्नेत र लेखापाल गुन प्रसाद दुलाल वा सह लेखापाल प्रदिप नेपाल मध्ये कुनै एकजनाको संयुक्त दस्तखतबाट खाता सञ्चालन गर्ने निर्णय गरियो ।

साथै यस गाउँपालिका अन्तर्गत स्थानीय विकास कोष कार्यक्रम सञ्चालन गर्न माइजोगमाइ गाउँपालिकाको स्थानीय विकास कोष सञ्चालन कार्यविधि २०७५ बमोजिम माथि उल्लेखित पदाधिकारीहरुको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेगरी स्थानीय विकास कोषको नाममा नयाँखाता खोल्ने निर्णय गरीयो ।